नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**

# व्यवस्थापन गोष्ठी, २०७९ बाट जारी प्रतिबद्धता

व्यावसायिक, स्वच्छ, करदातामैत्री एवं प्रविधिमैत्री कर प्रशासनको परिचालनबाट कर परिपालना तथा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्दै आन्तरिक स्रोतको हिस्सा बढाउने र राजस्वको दायरा विस्तार गर्ने नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न आन्तरिक राजस्व विभाग प्रतिबद्ध रहेको छ। स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर प्रणालीमा करदाताको पहुँच विस्तार गर्ने, विद्युतीय माध्यमबाट सेवा प्रवाह विस्तारका लागि दिगो, भरपर्दो र व्यवस्थित प्रविधिको विकास गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्यसम्पादन गरिनेछ।सघन र प्रभावकारी अनुगमन मार्फत राजस्व चुहावटलाई नियन्त्रण गर्न र करदातालाई सहजीकरण गरी कर सहभागिता वृद्धि गर्न आर्थिक वर्ष २०७९/८० लाई **"बजार अनुगमन वर्ष"** को रुपमा सफल बनाउन विभाग प्रतिवद्ध रहेको छ।

कर प्रशासनलाई स्वच्छ, पारदर्शी, जवाफदेही एवम् उत्तरदायी बनाउन कर्मचारीको अनुशासन र आचरणगत पक्षको अहम् भूमिका हुन्छ। करदातालाई प्रदान गरिने सेवा प्रवाहमा अझ सुधार गरी कर प्रशासनको छविलाई थप व्यावसायिक र करदातामैत्री बनाउने तर्फ सबैको प्रतिवद्धता रहने छ।

नेपाल सरकारको राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयन, कर नीति तथा प्रणालीको सुदृढीकरण एवं विभागले अवलम्बन गरेको रणनीति तथा वार्षिक कार्ययोजनाको कार्यान्वयन गर्दै लक्षित उद्देश्य हासिल गर्न यस गोष्ठी मार्फत कर परिवारका सबै सदस्यहरू देहाय बमोजिमका क्रियाकलापहरु सम्पादन गर्न सामूहिक प्रतिवद्धता व्यक्त गर्दछौँ।

1. आर्थिक वर्ष २०७९/८० मा यस विभागको लागि तोकिएको राजस्व लक्ष्य रू.६२६ अर्ब संकलनमा विशेष जोड दिने।
2. विभाग मातहतका कार्यालयहरुको लागि स्वीकृत कार्यमूलक परिसूचक बमोजिम मासिक तथा वार्षिक लक्ष्य हासिल गर्दै आर्थिक वर्ष २०७८/७९ मा विभागको समग्र कार्यसम्पादनस्तर ७९.६२ प्रतिशत (A Grade) रहेकोमा चालु आर्थिक वर्षमा थप १०प्रतिशत बिन्दूले सुधार गरी कम्तीमा ९० प्रतिशत (A+ Grade) पुऱ्याउने ।
3. आन्तरिक राजस्व विभागको दोस्रो रणनीतिक योजनाको प्रगति मूल्यांकन गरी तेस्रो रणनीतिक योजना तर्जुमा गर्ने।
4. चालु आर्थिक वर्षमा २ लाख व्यक्तिगत स्थायी लेखा नम्बर, १ लाख ७५ हजार व्यवसायिक स्थायी लेखा नम्बर, ७५ हजार अन्तःशुल्क इजाजत जारी/नवीकरण गरी कराधार विस्तार गर्ने।
5. आर्थिक ऐन, २०७९ ले आर्थिक वर्ष २०७९/८० देखि गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई प्रदान गर्ने (B2C) विद्युतीय सेवामा नयाँ करको रुपमा लागू गरेको विद्युतीय सेवा कर (Digital

Service Tax – DST) र मूल्य अभिवृद्धि कर (VAT) लाई कार्यान्वयन गर्न विद्युतीय माध्यमबाटै करदाता दर्ता हुन सक्ने, विवरण र कर दाखिला गर्न सक्ने सरलीकृत प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याईने।

6. तीनै तहका सरकारका निकायले विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने।नेपालमा काम गर्न श्रम सहमति प्राप्त गरेका विदेशी नागरिकले श्रम स्वीकृति र भिसा नवीकरण गर्दा तथा पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने, चार पाङ्ग्रे सवारी साधन खरिद गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्बर पेश गर्नुपर्ने र नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दाकै बखत व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरिने व्यवस्थाको कार्यान्वयनद्वारा करको दायरा विस्तार गर्ने।
7. कर नीति, कानुन तथा कार्य प्रक्रियाहरुको बारेमा करदातालाई सुसूचित बनाई आय विवरण, मू.अ.कर विवरण, अन्तःशुल्क विवरण तथा अग्रिम कर कट्टीको विवरण र कर रकम तोकिएको समय सीमाभित्र विद्युतीय माध्यमबाट दाखिला गर्न जागरूक र सक्षम बनाउन प्रयोगात्मक र व्यवहारिक करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने। यस्तो कार्यक्रम स्रोतमा कर कट्टी गर्ने सरकारी, सार्वजनिक तथा गैरसरकारी निकायहरुमा समेत सञ्चालन गर्ने। चालु आर्थिक वर्षमा कम्तीमा ७४० करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
8. ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गत रहेका करदाताहरुको आयकर र मूल्य अभिवृद्धि करतर्फको Non-filer संख्या बढीमा १ प्रतिशतमा सीमित गर्ने। साथै, आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा दर्ता रहेका करदाताहरुको आयकरतर्फको Non-filer संख्या बढीमा ३० प्रतिशत र मूल्य अभिवृद्धि करतर्फको Non-filer संख्या बढीमा १० प्रतिशतमा सीमित गर्ने।
9. आर्थिक ऐन, २०७९ ले प्रदान गरेका विभिन्न छुट तथा सुविधाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
10. बक्यौता कर असुली गर्ने प्रयोजनको लागि कर बक्यौता राख्ने करदाताहरूलाई अन्तिम तहसम्मको कानुनी कारवाही गरी बक्यौता असुली तथा लगत अद्यावधिक गरी सम्वत् २०७९ साल आषाढ मसान्तमा कायम रहेको बक्यौताको ७० प्रतिशत बक्यौता घटाउने। यस विभागको अद्यावधिक कुल बेरुजु ४९ अर्ब ६८ करोडमध्ये कम्तिमा ६० प्रतिशत बेरुजु फर्छयौट गर्ने। साथै, सबै कार्यालयको बेरुजु अभिलेखलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने।
11. करदाता तथा कारोवार सम्बन्धी सबै सूचनाहरुलाई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्ने। सूचनामा आधारित राजस्व जोखिमका क्षेत्रहरुको विश्लेषण गरी सोका आधारमा कर परीक्षण तथा अनुसन्धान गर्ने। नक्कली बीजक, नक्कली अन्तःशुल्क टिकटको प्रयोग एवम् अन्तःशुल्कजन्य वस्तुहरुमा हुने राजस्व चुहावट नियन्त्रण गर्न कडाइका साथ अनुगमन, निगरानी एवम् अनुसन्धान कार्यलाई थप सघन र व्यापक बनाउने।

12. आर्थिक वर्ष २०७९/८० लाई **"बजार अनुगमन वर्ष"** को रुपमा सफल बनाउन कम्तीमा १८ हजार करदाताको स्थलगत अनुगमन गर्ने। सघन र प्रभावकारी अनुगमनमार्फत राजस्व चुहावट नियन्त्रण गर्न र करदातालाई सहजीकरण गरी कर सहभागिता वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।
13. आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क निर्धारण भई सो उपर विभागमा प्रशासकीय पुनरावलोकनको लागि आर्थिक वर्ष २०७८/७९ मा बक्यौता रहेका निवेदनको ८० प्रतिशत र चालु वर्षमा दर्ता हुने निवेदनहरुमध्ये यस वर्ष कम्तिमा ५० प्रतिशत निवेदन उपर निर्णय गरी फर्छ्यौट कार्य सम्पन्न गर्ने।
14. मूल्य अभिवृद्धि कर तथा आयकरतर्फको कर निर्धारण आदेश एकीकृत कर प्रणालीबाट स्वचालित रुपमा तयार हुने प्रणाली विकास गरिएको छ। यसै सन्दर्भमा करदाताको कारोबार जाँच तथा छानविन गरी एकीकृत कर प्रणालीमा कर परीक्षण प्रतिवेदन तयार हुने गरी चालु आर्थिक वर्षभित्र सुधार कार्य गर्ने। विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्ने प्रणाली **(E- Payment System)** लाई प्रभावकारी र सरल बनाउने।
15. पूर्वानुमानित आय विवरण (डे01) तथा कारोबारमा आधारित कर विवरण (डे02) पेश गर्ने साना करदाताहरुले विद्युतीय माध्यमबाट स्वचालित रुपमा कर चुक्ता प्रमाणपत्र प्राप्त गर्ने प्रणाली विगत वर्षदेखि कार्यान्वयन भइरहेको छ। सम्वत् २०७९ साल चैत्रभित्र एकीकृत कर प्रणालीमा आवश्यक सुधार गरी कर बक्यौता नभएका डे ०३ आय विवरण पेश गर्ने करदाताहरुले विद्युतीय माध्यमबाट स्वचालित रुपमा करचुक्ता प्रमाणपत्र लिन सक्ने गरी प्रणालीगत प्रवन्ध मिलाउने ।
16. अन्तःशुल्क प्रशासनलाई सूचना प्रविधिमैत्री बनाउने।अन्तःशुल्कको ATR पूर्ण कार्यान्वयनमा लगिने। वियर उत्पादन गर्ने प्रतिष्ठानहरुमा सम्वत् २०७९ साल पौषभित्र फ्लोमिटर जडान गरी विभागमा Real Time Data प्राप्त हुने प्रणालीको विकास गर्ने। साथै, मदिरा/वाइन उत्पादन गर्ने प्रतिष्ठानहरूमा समेत फ्लोमिटर जडान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यक तयारी कार्य गर्ने।
17. कर प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउँदै विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न प्रक्रियागत व्यवस्थाहरुको अन्तरआवद्धता र एकीकृत सफ्टवेयर निर्माणका लागि कर तथा सूचना प्रविधि विज्ञहरुबाट कर प्रणालीको **Business Process Reengineering-BPR** सम्बन्धी अध्ययन सम्वत् २०७९ साल चैत्रभित्र सम्पन्न गरी सोको आधारमा सरल, सक्षम र आधुनिक सूचना प्रणालीमा आधारित कर प्रणाली विकास गर्ने कार्य प्रारम्भ गर्ने।
18. विभागले तोकेका करदाताले अनिवार्य रूपमा विद्युतीय बीजक जारी गर्नु पर्ने व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने। केन्द्रीय बीजक अनुगमन प्रणाली **(CBMS)** मा आवद्ध हुनु पर्ने तोकिएका करदातालाई अनिवार्य रुपमा **CBMS** मा आवद्ध गर्ने।
19. जनशक्ति आपूर्ति तथा व्यवस्थापनको सम्बन्धमा अर्थ मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट सहयोगको अपेक्षा रहेको छ। आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्तर्राष्ट्रिय करतर्फ कम्तिमा २०/२० जना अधिकृतहरूलाई **Pool of Expert** को रूपमा तयार गर्ने गरी क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने।

**२०७९ असोज १३**